Once teachers and students from both the countries become familiar with the educational and cultural bases of both the countries through virtual exchange programs, teachers and students from the American Schools (mostly High Schools) will visit Nepal for a certain period, for example, two weeks to two years (as per the convenience). The school where a teacher /student is based in Nepal will bear all the expenses for living and food. However, the schools will not bear the cost of international airfares, personal entertainments such as trekking, mountain flights, air and ground transportation within Nepal. Nepal also will expect similar cooperation from the US schools if possible, however, it is not mandatory. There are many historical places in various districts of Nepal. If the exchange students and teachers are interested to visit historical places within a particular district where the school at which a student or teacher is based, the school will facilitate such visits at the cost of school because it will be related to the learning of culture and traditions of that district.

# अमेरिकाको 'अल्टिमेट आकाश' मा कावा खाँदा



सीता अर्याल

नेपाली साहित्याकाशमा सन्तोष लामिछाने कविका रूपमा परिचित नाम हो । उहाँको ‘ चामल खानेहरू र चौलानी पिउनेहरू’ कविता कृति प्रकाशित छ । हालसालै सन्तोषको ‘अल्टिमेट आकाश’ नामक उपन्यास पनि प्रकाशित भएको छ। यो नवीनतम उपन्यास अहिले चर्चामा छ । विदेशमा हुनेहरूले यो किताब एमजोन डट कम बाट किन्न सक्दछन् ।


उपन्यासलाई ‘उपन्यास’ बनाउने महत्त्वपूर्ण पाटो संरचना हो । यसमा कावा खाँदै गर्दा वर्णन गरिएका घटना या घटनांस र पात्रहरूको चारित्रिक प्रवाह खण्डित छैन । यसको कथानक नेपाल र अमेरिकाको सेरोफेरोमा घुमेको छ। लेखकले अनेकौँ रोचक प्रसङ्गहरूलाई रचनात्मक ढङ्गले पाठकमाझ पस्कनु भएको छ।

यो उपन्यास खासगरि युवापुस्ताप्रति लक्षित छ, जो उच्च शिक्षा अध्ययनको लागि अमेरिकालाई आफ्नो गन्तव्य बनाउन चाहन्छन् । यो ती मातापिताप्रति पनि लक्षित छ जसका छोराछोरी अमेरिकामा कसरी आफ्नो लक्षप्रति समर्पित छन् या छैनन् भन्ने जान्न चाहन्छन् । अनि ती पाठकवृन्दप्रति समेत लक्षित छ जो स्वदेशमै बसेर विशेषतः: अमेरिकाको शिक्षा आर्जन लगायत अन्य सङ्घर्षको कथाको जानकारी राख्न चाहन्छन् ।

यसमा खासगरि उनीहरूको दिनचर्या, मनोविज्ञान, ईक्ष्या, आवश्यकता, महत्त्वाकांक्षा, प्रेम, रोमान्स, स्वार्थ सुख दु:ख, वियोग, धैर्यताको परिवृत्तमा कथा विस्तारित छ । अमेरिकी र नेपाली विविध पाटाहरूको ज्ञान प्रदान गर्न यो उपन्यास सक्षम छ।

उपन्यासमा घटना प्रस्तुतिको रोचकता, उत्सुकता अनि पात्रहरूबिचका आपसी झर्रो सम्वाद र भाषागत सरलताले गर्दा अध्ययनको क्रममा कहीँ कतै रोकिनु पर्दैन बरु उपन्यास छिटै सक्किन लागेकोमा पाठकमा खिन्न भाव पलाउँछ ।

मुलपात्र बिभास र निलमको स्वदेश प्रेमप्रतिको सकारात्मक भावनाले सायद सबैलाई गौरवान्वित बनाउँछ । किनभने आजको परिवेशमा उनीहरूजस्तो कैयौँ पात्रहरू हाम्रो मातृभूमिलाई अपरिहार्य भएको छ जो आफ्नो निवृत्त जीवन बिताउन नै किन नहोस् मातृभूमि फर्कन्छन् र तन, मन, धनले स्वदेश सेवामा समर्पित हुन्छन् साथै आफ्ना सन्ततिलगायत अन्यलाई पनि फर्कन प्रेरित गर्छन्।




अल्टिमेट आकाश

यो उपन्यासमा समाविष्ट गरिएको कविता, नितिस्लोक, उखान टुक्का अनि समाजमा अझै दबिएर रहन अभिशप्त समलिङ्गीहरूका प्रसङ्गहरूले झन् रोचक पारेका छन् ।

हुन त यो डायस्पोरिक उपन्यास हो तापनि अङ्ग्रेजी भाषामा त्यति ज्ञान नभएका साहित्यकारहरूलाई यो त्यति बोधगम्य हुँदैन। किनभने कतिपय शब्द र वाक्यहरू अङ्ग्रेजीमा छन् । दोस्रो संस्करणमा ती अङ्ग्रेजी वाक्यहरूको नेपाली रूपान्तरण पनि राख्न पाए सुनमा सुगन्ध हुने थियो । स्तरीय र अब्बल यो उपन्यास सबैलाई बोधगम्य हुने थियो। सबै स्तरका पाठक वर्गलाई यसको रसास्वादन गर्ने अवसर मिल्ने थियो ।

सकारात्मक सन्देश बोकेको यो उपन्यास अवश्य पनि नेपाली आख्यान विधामा एउटा दह्रो इँटा साबित हुने छ । भविष्यमा यस्तै अन्य कृतिको अपेक्षा सहित हार्दिक बधाई तथा असीम शुभकामना लेखकलाई।

# मातृभुमी



बिष्णु न्यौपाने

तिम्रो आवहान मनमस्तिक गुन्जी रहेको हुन्छ
तर म जिम्मेवारी र कतव्र्यले जेलिएको हुन्छु ।
टाडाबाटै तिम्रो माया र स्नेहलाई अनुभूति गरिरहेको हुन्छु ।
तिमीले सधैसधै मौन सर्मथन गरिरहेका हुन्छौ ।२

तिम्रो विशाल छातीभित्र विरताको गाथा बुनेका हुन्त्र्छौ
टलक्क टलकिएका हिमसिखर र झरनाले सजिएरको हुन्छौं ।
म हिर्दयको छितिजबाट तिमीलाई नियाली रहेको हुन्छु
तिमी मन्द मुस्कानमा सबै सन्तानहरुलाई आवहान गरिरहेका हुन्छौ ।२

मातृभूमी फर्कने निम्तोको गुन्जाएसले झकझकाई रहेको हुन्छ
कर्तव्यले बाधिएको जालोलाई तोडन उत्प्रेररित गरिरहेको हुन्छ
आफैले गरिएका निर्णयमाथि प्रश्न उठाईरहेको हुन्छ ।
अदृश्य रुपमा आफैमाथि झापट हानिरहेको हुन्छ । २

तिमीे दैनिक सयौं शन्तान विदेशीयको महसुस गरिरहेका हुन्छौ
तिम्रो काखमा वेइमानहरुको संख्या बडिरहेको अनुभूति गरिरहेका हुन्छौ
शिक्षा र कामको खोजीमा शन्तानहरुले काख छाडेका हुन्छौं
तिमी राजनैतिक अस्थिरता र भष्टचारले थिलो थिलो परिएका छौं ।२

बढिरहेको अराजनकताले तिम्रो आत्म जलिरहेको हुन्छ ।
विकासको बाटो हैन अराजकताको मलजल भइरहेको हुन्छ
मातृभुमि फर्कन गरेको आवहान गुन्जी रहेको हुन्छ ।
त्यो दिन गरेको गलत निर्णयको घाउ बल्झीरको हुन्छ ।२



डा. तुल्सी धरेल का कविता!!

## धेरै अघि बढ्नु हुन्न

धेरै अघि बढ्नु हुन्न
त्यसले फाटो पलाउछ
चुप चाप एक्लै बस्नु हुन्न
त्यसले बिरानो बनाउछ
बीच मा उभिएर रमिता हेर्नु हुन्न
त्यस ले बाटो छेकिदिञ्छ
अघि पछि अगाडी कतै पनि
दौडिनु हुन्न
हिड्नेहरु डराउछन
किनकि बाटो त् सानो छ
यात्रीहरु धेरै छन्
कोहि कसै को प्रतिछ्या मा छन्
कोहि भारि बोकाउछन्
कोहि आदेश कुरी बस्छन
कोहि छैन छ्यमता अगुवा हुन्छन
कस्तो दोधार परियो यहाँ
दौडिउ भने एक्लै हुने
हिडू संगै संगै भने पट्टाई लाग्ने
चुपचाप रमिता हेरौं, पलायन हुने

**Toronto, Canada**


# Brustin & Lundblad, Ltd.

**Marvin A. Brustin (Personal Injury Lawyer) &**

**Honorary Consul General of Nepal**

***Office Location:***

10 North Dearborn
7th Floor
Chicago, IL 60602
Phone: 312-263-1250
Fax: 312-263-3480
Email: mablaw1@voyager.net

# Our Priorities Are Different



**- By Jyoti Adhikary, Chicago**

I remember it vividly. In preparation for the harsh Chicago winter, I had bought the thickest coat and woolen pants I could find in Kathmandu. Yet, when I arrived, I realized that my coat was not at all thick enough and my woolen pants were not warm enough for winter. After living in the US for five years, going out in the winter was still uncomfortable and cold, simply because I did not know how to dress up for winter. Fortunately, I learned that good quality, long winter coats, winter boots, hats, gloves are essential for a Windy City like Chicago. Now I am not scared to go out in winter.

Soon after, this realization extended beyond just the winter. I learned that spending money on functional items is smarter than spending money on makeup. I also realized that an auto-starter in my car is more important than a big screen TV in my living room. Spending money on an updated phone is more important than expensive gold jewelry. Spending money on essential household items, good quality mattresses, high speed internet, and a reliable car is more important than saving money to buy land in Nepal. Most of the time we try to save for the future and live a little uncomfortably for now. We should take our income to make our lives simpler and enjoyable, but we should never indulge beyond what is financially responsible. Managing one's own income and expenses is more important than feeling poor or inferior because another Ne-

pali family's life looks more extravagant. The little pockets of money saved away ease stress and give space to develop a happier lifestyle. No matter what we do or how much we make, by knowing where to invest money and where to save we establish a better lifestyle. When we learn to prioritize what is truly important to us and our families, we begin to live differently. We begin to live with confidence.

We cannot compare our family with another family. Each family is unique. Our values are different, our priorities are different. We can learn from another family, but we can't copy them. The idea of copying others to make us better only makes us worse. Gita lives comfortably but she does not have savings, Mita lives very uncomfortably but she has a large bank balance, but Vita lives comfortably, and she saves only if she can. Three different people, three different lifestyles. Some may want expensive cars, others expensive houses, others expensive vacations and others cannot afford anything expensive and work hard to live the life they dream of. When we accept our strengths, weaknesses, and perfect imperfection in the present moment we become happy. Of course, one can work on their weaknesses to become more content. But if we do not take time to self-review, we waste our time by pursuing our weakness.

Not only on a personal financial level, but also at a community level most of us don't prioritize our Nepali value. We do not pay close attention to unique Nepali traits. We small talk with each other, but we totally shift when we talk with non-Nepali persons. We hesitated to share how we lived before and how we overcame our struggles in this new country. We will slowly disappear without our authentic flavor. Most of us are surrounded by our own people and our kids are out there confused in the big world. Some of us are strictly traditional Nepali, while some of us are confused and trying to act like an American by hiding our authenticity. There is no balance and there is no guidance. Our children are successful but are still confused about our values. We must focus on sharing good organic Nepali values and pride with them. Some may not care to request a day off in Dashain and Laxmi pooja. Are they not as important as Thanksgiving and Christmas? We rather take spring break for vacation and go to work on Dashain. Dashain is the day when we prepare feasts and wait for younger people to come to our house for tika and blessings. If we do not prioritize our own festivals and culture, who will prioritize it for us?

# लघुकथा: ज्ञानी छोरा



**बिष्णु अधिकारी**
**एपलटन, विस्कन्सिन अमेरिका**

शुक्रबारको दिन चाडै नै डिनर खाई यसो सोफामा बसिरहेको थिए । छोरा नजिकै आएर भन्यो , बाबा हेर्नुस न आज एपलको शेयर एक मिलियनले बढेछ, एमाजोनको हिजोको घाटा कभर भएर हन्ड्रेड थाउजेन्ड नाफा भएछ। त्यस्तै गुगल ए मा हन्ड्रेड थाउजेन्ड अनि गुगल सि मा नाईन्टिफाईभ थाउजेन्ड घाटा लाएछ आज। टेस्ला आज त राम्रो बढेछ।अब त टेस्लाको मात्र टोटल क्यापिटल नाईन्टी मिलियन पुगेछ। ' यस्तै यस्तै भन्दै थियो छोराले अनि मैले भने , बाबु तिमी अहिले नै यति धैरै चासो नदेउ, फाईनान्सियल एडभाईजर जोन्सन प्याटले सबै म्यानेज गरिहाल्छन नि, म पनि छदै छु। तिमी मात्र आफ्नो पढाईलाई ध्यान दिनु। अब दुईवर्ष पछि तिमी हाईस्कुल ग्राजुयट भएपछि एउटा राम्रो ल यूनिभर्सिटीबाट ग्राजुयट हुनु पर्छ अनि बिस्तारै अमेरिकन राजनितिमा लाग्नु पर्छ। अमेरिकामा जन्मेका छौ, राष्ट्रपति हुनसक्ने हैसियत छ तिमीमा।तिमीलाई थाहा छ नि केन्यली बाबुका अस्वेत छोरा बाराक ओबामा राष्ट्रपति भए, ईण्डियन आमाका छोरि कमला हयारिस भर्खर उपराष्ट्रपति भईछन।नेपाली हयारी भण्डारी मेरिल्यण्ड राज्यको स्टेट डेलिगेट भएका छन । राजनिती सम्भवनाको खेल हो। यसका तयारी बिस्तारै गर्नु पर्छ । त्यही भएर त गतसालको गभर्नरको इलेक्सनमा डेमोक्रेटिभ पार्टिलाई एक मिलीयन डलर चन्दा दिएको हो र उनले जिते पनि। प्रत्येक हप्ता उनिसंग कुरा भईरहन्छ। फेमिली डिनरको लागि अनुरोध गरेको छु, एक हप्ता भित्र मिलाउछु भनेका छन।अनि उनैको अनुरोधमा भर्खरै सम्पन्न प्रेसिडेन्टको इलेक्सनमा दुई मिलियन डलर डोनेसन दिएको। सुनेको छु राष्ट्रपतिले छिटै लेटर अफ एप्रिशियसन पठाउदै छन रे। मेरो चाहाना छ तिम्रो पढाई र राजनिती संगसंगै लानु पर्छ। र मेरो सपना छ तिमी अमेरिकाको राष्ट्रपति बनेको चाहे त्यो हामीले देख्न पाईओस या नपाईओस ।त्यसका लागि तिमीलाई कम्तिमा तिस वर्ष अझै लाग्छ। फाईनान्सियल एडभाईजर जोन्सनले बताए अनुसार यदि यहि क्रममा जाने हो भने तिस वर्षपछि हाम्रो टोटल लिक्विड एसेट नै ३० बिलियन डलर हुन्छ रे । आर्थिक रूपमा तिमी कमजोर हुने छैनौ, कोशिस गर बाकी सब भगवानको लिला ।

जब भगवानले दिन्छन नि कसैको केही लाग्दैन। सम्झ त दुई बर्ष अगाडीको हाम्रो लाईफ। अमेरिकामा भए पनि कति मुस्किल थियो । कति दिन सम्म त बाबा छोराको भेट पनि हुदैनथ्यो।जब भगवानको

कृपाले हामीलाई सेभेन हन्ड्रेड मिलियन डलरको पावरबल ज्याकपट पर्दा करिब फोर हन्ड्रेड मिलियन डलरको चेक बुझेका थियौ। त्यही पैसालाई शेयरमा लगानि गर्दा बढ्दै गएर अहिले हाम्रो यो स्थिति भएको हो। जब सामाजिक संस्थाहरुमा हामीले डोनेसन दियौं, त्यस पछि सामाजिक प्रतिष्ठा पनि हाम्रो राम्रो बढेको छ। नेपालतिर बाट पनि अनेकौ सहयोग प्रस्ताबहरू आईरहन्छन । कसैलाई रित्तो हात फर्काएको छैन । गत बर्षको ट्याक्स फाईल गर्दा करिब पचास मिलियन त हाम्रो ट्याक्स डिडक्टेबल डोनेसन रहेछ। अझै साना तिना रकम त कति छन कति। त्यसैले तिमीलाई थाहा छ नि, हरेक दिन बिहान करिब एक घण्टा म भगवानको ध्यानमा लाग्छु। यो सब भगवानले हामीलाई दिएर भएको हो।त्यसैलै उनलाई खुशी पार्नु पर्छ।'

"बाबा बाबा" भन्दै छोरा सोफाको नजिक आएर बोलायो।दिन भरिको कामले गर्दा होला सोफामा के झुपुक्क भएको थिए, झसगं बिउझिए। सब सपना पो रहेछ। छोरा भन्दै थियो ' क्लासमा सबै साथिको आईफोन छ, मेरो मात्र छैन। मलाई नि चाडै नै चाहियो, सबैले मलाई हेयको दृष्टिले हेर्छन, तपाईहरुले अहिले मैले भनेको कुरा किन्दिएर मलाई माया माने पो पछि मेरो कमाई भएपछि मैले पनि तपाईले भनेको कुरा किन्दिएर म तपाईहरुको माया मान्छु।' छोराको यो कुरा सुनेर अहिले सम्म छोरासंग नसुनाएको कुरा सुनाउन थाले।

' छोरा, सुन, हाम्रा आमा बाबाका सात छोराछोरि, सानोमा पेटभरि कहिल्यै खान पाईएन। जेनतेन स्कुल पठाउनु भएको थियो, तिन कक्षामा पढ्दा पहिलो चोटी चप्पल लगाउन पाएको, आठ कक्षामा पुग्दा पहिलो चोटी जुत्ता लगाउन पाएको, आठ कक्षामा पढ्दा हो स्विटर लाउन पाएको, बिहान र बेलुका काम गरेर बचेको समयमा हो पढ्ने लेख्ने भनेको। सानो भईन्जेल बाख्रा गाईभैसी हेरेको, अलि ठुले भए पछि हलो जोत्न थालेको। हलो जोत्न त मास्टर डिग्री पढ्दासम्म खेत रोप्ने बेलामा पढाई छोडेरै भए पनि गईन्थियो। कलेज पढ्दा त आफैले कमाएर पढियो। अझै एउटा कुरा त के भने डिप्लोमा लेभल पढ्दा सम्म हातमा एउटा घडी समेत थिएन। घामलाई हेरेर समयको अन्दाज लगाउनु पर्र्थ्यो। बिहानीको कक्षामा पढि दिउसो केही गर्नु थियो। एक दिन निद्राले पनि छोड्यो बाहिर उज्यालो देखेर जाने बेला भयो भनेर कलेज गएको, कलेजको गेटमा धेरै बेर सम्म कुर्दा नि कोही बिध्यार्थि नदेखेको र सोही समयमा होटलमा दुध बेच्नेवाला त्यहीबाटो भएर जादा उ संग समय सोध्दा उसले बिहानको दुई बजेको भनेको र कोठामा गएर चार घण्टा पछि फेरि कलेज गएको, यस्ता कति छन कति हामीले भोगेका दुखहरू। तिमीहरु भने साथिहरुले किने भनेर आफुलाई पनि चाहिने' भन्दै सम्झाउदै थिए, छोराको मन छोएछ क्यारे आखाबाट आशु झार्दै ' सरि बाबा, भो मैले तपाईको कुरा बल्ल बुझे, म अब तपाईको हार्ट टचिगं कुरा कहिल्यै गर्दिन, आई लभ यु बाबा, भन्दै अगॅालो हालेर रोईरह्यो ।उसका आखामा आशु देख्दा मेरो पनि आशु थामिएनन।
पहिला पहिला पढ भनेर भन्नु पर्ने छोरालाई त्यस दिन देखि कहिल्यै पढ भनेर भन्नु परेन र भर्खर गएको फस्ट क्वाटरको रिजल्टमा सबै बिषयमा ए प्लस ल्याएकोमा हामी साथै शिक्षक पनि दंग छन त्यसैसे उसले ईच्छाए बमोजिम आईफोन १२ किनिदिएको छु तर ऊ खासै प्रयोग गर्दैन।छोरा ज्ञानी भएको छ। आजकल उ बाबा आमाले हरेक कुरा शेयर गर्दिए हुन्थियो भन्ने अपेक्षा राख्दछ। र हामी पनि हरेक कुरा छोरासंग शेयर गर्ने गरेका छौ।

# जनता बिग्रे भ्रस्ट्राचार हुने साधन नोट खारेज माग नगरेर !!!

**एकबहादुर क्षत्री**

बोले राष्ट्रनायक 'बा' भ्रस्ट्राचार गर्दिनँ भनेर
लुट्नु लुटे नकचरो बनेर
मात्र बोलेका रहेछन गर्दिन भनेर
मन भित्र कालो डरलाग्दो संकल्प बोकेर !!!

अर्थकको साँचो राख्ने बिग्रे बा' लाई भ्रस्ट्राचार गर्न दिन्न भनेर
त्यागे सांसद टिकेट चुनाब कोलागि यथेस्ट भ्रस्ट्राचार नगरेको भनेर
निरही बने उपाधक्ष्यबाट सदस्यमा घटुवा बढुवा भएर
भ्रस्ट्राचार रोक्ने नोट खारेज गर्ने प्रस्ताब नराखेर !!!

बोले राष्ट्रनायक 'बा' भ्रस्ट्राचार गर्दिन्न भनेर
भाइ फुट्टा भ्रस्ट्राचार रोक्ने बहानामा 'बा'को गोजीबाट निस्केर
बोले 'बा'को बोलि भन्सारमा दैनिक ३५ करोड चुहावट रोक्ने भनेर
राखे भ्रस्ट्राचार रोक्न नोट खारेज गर्ने वलीको तोक गोजीमा च्यापेर
गरिरहे खुला रुपमा भ्रस्टाचार अनि देस र जनातलाई खोक्रो बनाएर !!!

पार्टीलाईमात्र होइन देश र नेपालीलाई खाल्टोमा हालेर
अर्थकको साँचो राख्ने बिग्रे अनि सडे ४ महिना 'बा'को दूत बनेर !!!

जनता दोसी बने भ्रस्ट्राचारि नेता छानेर
नगदमा घुस लिने दिनेअपराधमा सहभागी बनेर
जसरि भए पनि खाऊ र कमाऊ भनेर
केहि न बोली गलत भए पनि भ्रस्टको पछि लागेर !!!

देश र जनता बिग्रेको होइन भ्रस्ट्राचारि नेता छानेर
नगदमा घुस लिने दिने, अपराध गर्न गराउन नोट उपयोग गरेर
भ्रस्ट्राचारको लागि भनि सरासर एक तिहाई कर तिरेर
जनता बिग्रे भ्रस्ट्राचार हुने साधन नोट खारेज माग नगरेर !!!

The End

# ANMA Board Members & Alumni Declare Candidacy for NRNA Election 2021-2023










*Our*

*Best*

*Wishes!!*



# कोरोना महामारीमा २२ पटक रक्तदान

कोरोना संक्रमण महामारी को रुपमा विश्वब्यापी रुपमा फैलिदा करोडौ मानिसहरु बिरामी भए। लाखौंले जीवन गुमाए । यस्तो अवस्थामा मानिसहरु डराएर घरभित्रै बस्न थाले । पूर्व निर्धारित रक्तदान कार्यक्रमहरु रद्द भए । रगतको आपूर्ति घट्यो । अस्पातालमा बिरामीहरुले रगत पाउन सकेनन् ।

यस्तैबीचमा न्यूयोर्क ब्लड सेन्टरले बिरामीहरुको लागि रगत र रक्त तत्व एकदमै कम भएको भन्दै मलाई ईमेल पठाइरहे । उनीहरुले सामाजिक दुरी राख्दै मास्क लगाएर सुरक्षित तरिकाले रक्तदान गर्न सकिन्छ भन्न थाले । अमेरिकन रेडक्रस रक्त सेवाले पनि त्यस्तै भने ।

मलाई पनि यस्तै महामारीको बेलामा झन बढी रक्तदान गर्नु पर्छ भन्ने लाग्यो । त्यसैले अप्रिल २४ मा अमेरिकन रेडक्रस,फार्मिङ्गटन,कनेक्टिकटमा रक्तदान गरें । घर फर्केपछी आज मैले रक्तदान गरें नि भनेर श्रीमतीलाई भनें । समुदायका मानिसहरुलाई पनि रक्तदान गर्न हौसला होस भनेर सामाजिक सन्जालमा रक्तदान गर्दै गर्दाको फोटो राखें । रक्तदान कार्यक्रम आयोजना गर्न सक्ने सम्भावित संघ संस्थालाई यस्तो महामारीकाबीच मैले रक्तदान गरेको ईमेल लेखें ।

श्रीमती केही डराइन् । तर मैले सम्झाउदै रक्तदान गर्दैमा कोरोना सर्दैन भनेर बुझाउन प्रयास गरें । त्यसपछी हरेक दुई तीन हप्तामा न्यूयोर्क ब्लड सेन्टरमा गएर प्लेटलेटस दान गर्न थालें ।

जुन २६ मा प्रवासी नेपाली एकता मञ्च, न्यूयोर्कका अध्यक्ष टेक गुरुङले फोन गर्दै रक्तदान कार्यक्रम आयोजना गर्न लागेको जानकारी दिनुभयो । उहाँहरु र ब्लड बैङ्कलाई समन्वय गराएँ । रक्तदान कार्यक्रममा आवश्यक खर्चको लागि २ सय डलर सहयोग गरें । त्यसपछिका ५ महिनाको अबधिमा बिभिन्न ८ वटा नेपाली संघसंस्थाले न्यू योर्कमा रक्तदान कार्यक्रम राखे । यी सबै रक्तदान कार्यक्रममा सहभागी भएँ ।

करिब ६ सय जना नेपालीहरुले रक्तदान गरे । रक्तदान गर्ने धेरैजसोले रक्तदान गरेका फोटोहरु सामाजिक सन्जालमा राखे ।

न्यूयोर्कमा यि कामहरु हुँदै गर्दा नेपालमा पनि रगत संकलन एकदमै कम भई रहेको थियो । कोरोना नफैलियोस भनेर नेपाल सरकारले बिभिन्न कार्यालयहरु बन्द गर्दै जनताहरुलाई घर भित्रै बस्न भनेको थियो ।

अस्पतालका बिरामीहरुलाई रगत उपलब्ध गराइ राख्न ब्लड डोनर्स एसोसिएसन नेपालले हरेक दिन रक्तदान कार्यक्रम राखेको थियो । मैले पनि रक्तदान कार्यक्रममा आबश्यक खर्चको लागि ५० हजार रुपैया सहयोग पठाएँ । तीन महिनाको अबधिमा १ सय वटा रक्तदान कार्यक्रम गर्दा ६ हजार २ सय ७२ युनिट रगत संकलन भएछ । यसै गरी रक्तदान कार्यक्रम गरी रहनु भनेर फेरी २५ हजार थप सहयोग पठाएँ ।

कोरोना महामारीका बेला काठमाण्डौमा लक डाउन हुँदा बेरोजगार मजदुरलाई सामुहिक खाना खुवाउने कार्यक्रममा काठमाण्डौ महानगरपालिका २९ नम्बरका वडा सदस्य अर्जुन बहादुर श्रेष्ठमार्फत

दशहजार रुपैया सहयोग पठाएँ । त्यसैताका बाजुरामा र हुम्लाका गरिव ब्यक्तिहरुलाई खाध्यान्न बितरण गर्ने कार्यक्रममा बाजुराका प्रकाश सिंह मार्फत दश दशहजार रुपैया सहयोग पठाएँ ।

काठमाण्डौमा रक्तदान सम्बन्धी काम गरिरहेको हाम्रो लाइफ बैङ्कलाई १५ हजार रुपैया सहयोग गरेँ । बाजुरामा रक्तदाता संस्था गठन गर्न लक्ष्मीराज पाण्डेमार्फत दशहजार रुपैया सहयोग पठाएँ । त्यसै गरी बैतडीमा पनि रक्तदाता संस्था गठन गर्न र जिल्ला अस्पातलसँग मिलेर सम्भाबित युवाहरुको रक्तसमुह परिक्षण गर्न तृप्ति शाहीमार्फत बिसहजार रुपैया सहयोग पठाएँ ।

रक्तदान सम्बन्धी मेरा हरेक गतिबिधि जाजरकोटका जनक केसीलाई थाहा रहेछ । उनले पनि आफ्नो जिल्लामा रक्तदान उत्प्रेरणा कार्यक्रम गर्न इच्छा राखे । बिगतमा जाजरकोटमा रगत अभावमा सुत्केरी तथा बिपन्न समुदायका नागरिकहरुले जीवन गुमाउनु परेको समाचार आएका थिए । त्यस क्षेत्रका युवाहरुमा रक्तदान गराउन उत्प्रेरणा कार्यक्रम गर्नैपर्ने थियो । जनक केसीसँग मिलेर म रक्तदान गर्नेछु बिषयमा जाजरकोटका माध्यामिक बिद्यालयहरुमा निबन्ध प्रतियोगिता गराउन ६० हजार रुपैया सहयोग पठाएँ । डिसेम्बर ७ मा सयौं विद्यार्थीको उपस्थितिमा १६ जना विद्यार्थीहरुले निबन्ध प्रतियोगितामा भाग लिएछन्। भविष्यमा रक्तदाताहरुको संख्यामा उल्लेख्य बृद्धि गर्न र रक्तदान जस्तो पवित्र काममा युवा पुस्तालाई यो प्रतियोगिताले प्रेरित गर्छ जस्तो लाग्यो ।

रक्तदान गरेर अरुको जीवन बचाउने संसारकै पवित्र काम हो भन्ने सन्देश दिन सकें। नेपाल रेडक्रस सोसाइटी जाजरकोट शाखाका सभापति हरिबहादुर बस्नेतले रक्तदान बढाउनका लागि महत्वपूर्ण सहयोग र चासो राखेको भन्दै मलाई धन्यवाद दिए ।

यता न्यू योर्कमा कोरोना महामारीका बेलामा रक्तदान कार्यक्रम आयोजना गर्ने संस्थाका अध्यक्षहरुलाई वर्ल्ड ब्लड डोनर अवार्डबाट सम्मान गरेँ । वर्ल्ड ब्लड डोनर अर्जुन मैनाली संस्थाको अध्यक्षका हैसियतले समाजमा राम्रा काम गर्नेलाई सहयोग र सम्मान गर्न पाउनु पनि मेरो लागि ठूलै अवशर थियो ।

यसरी महामारीको यो ९ महिनाको अबधिमा २२ पटक रक्तदान गरें । जसमा तीनपटक होल ब्लड र अठारपटक प्लेट्लेट्स दान गरेको थिएँ । रक्तदान कार्यक्रम गर्न सहयोग गरेँ । रक्तदान उत्प्रेरणाको लागि सहयोग गरेँ ।

१ पटक रक्तदान गर्न जाँदा झण्डै ४ घण्टा समय लाग्दो रहेछ । त्यस हिसाबले २२ पटक दान गर्दा ८८ घण्टा र ८ वटा रक्तदान कार्यक्रममा ५ घण्टाका दरले ४० घण्टा सहित कोरोना महामारीबीच १२८ घण्टा बिताएको छु । यो समय, साधन श्रोत र रक्तदानबाट समुदायका धेरै बिरामीहरुलाई बचाउन सकिएको छ । धेरै खुशी लागेको छ ।

**अर्जुन मैनाली**
**न्यूयोर्क**

कविता

# स्याल र सत्ता

समृदी को हुइया पीटी
“सत्ता “शिकार गरेका स्यालहरूमा
अचानक
“मै खाँउ मै लाँउ “ को
भूत सवार भएछ।
थाहा छैन,
उत्तरी हावाले हो!
वा,
दक्षिणी वायूको प्रभावले,
स्यालहरूको प्राणमा
बाघको आत्मा छिरेछ।
परिणाम....
आरोप, प्रत्यरोप  र लान्छना का नंग्रा हरूले
कोतरी रहेछन
एक अर्कालाई।

अकेला आँसु
सिकागो

# अचम्म !!

कतै दिन कतै रात संसार अचम्मको
कतै ढिंडो कतै भात संसार अचम्मको
कतै गुन्द्रुक कतै मासु खुवाई अचम्मको
कोही खुसी कोही दुखी रुवाई अचम्मको
एकअर्को लाई हेप्नै पर्ने चलन अचम्मको
प्रगती देख्दा जल्नै पर्ने जलन अचम्मको
आफू चोखो बन्ने रक्षा कवज अचम्मको
अरु झुटो साबित गर्ने लवज अचम्मको
पानी पर्दा नछेक्ने त्यो छाता अचम्मको
आंसु झर्दा साथ नदिने नाता अचम्मको
साचो बोल्दा रिसाई हाल्ने बानी अचम्मको
झुटो मिसाई राम्रो पार्ने काहानी अचम्मको
जो जान्दैन उसले जित्छ खेल अचम्मको
हार मान्दैन जित्या छैन झेल अचम्मको
झुटै झुट का झुण्ड हरुको मेल अचम्मको
घ्यू न तेल को त्यसै पाक्ने सेल अचम्मको
जस्ले चोर्यो उही पसले साहु अचम्मको
यही पेशा मा जिवन पाल्ने दाउ अचम्मको
चोरै चोर को भित्र पनि घाउ अचम्मको
एक अर्का लाई पुज्नै पर्ने पाउ अचम्मको

तुलसी मैनाली शिवाकोटी
सिकागो

# गुनासो

देशमा बिकाश होला भन्दा फेरी चुनाव आयो
जनताको भोटको मूल्य खै कता हरायो
अरु देशको विकाश देख्दा कस्तो कस्तो हुन्छ
आफ्नो देशको भ्रष्टाचार देख्दा मन रुन्छ
बालुवामा सुन फलाउन सक्छन् अरु देशमा
हामी संधै अल्मलिन्छौं घुसखोरीकै केसमा
जिन्दाबाद र मुर्दावादको लगाएर नारा
कहिले पनि नसुध्रिने कस्तो हाम्रो पारा
दाँया बाँया जता हेर्‍यो लुट्नेकै छ ताती
गरिबलाई लुटी लुटी आफु पुग्छन् माथी
नाताबाद र कृपावाद चलन जस्तै भयो
देशको विकाश गर्ने बजेट कुन्नी कता गयो
सुविधा जति नेतालाई छ उनैलाई चैन
दुःखी, गरिब जनतालाई लाउन खान छैन
सिधै हुने कामलाई पनि बङ्ग्याउँदै जाने
योजना नै हुँदो रैछ घुस कसरी खाने
चुम्बक जस्तै रैछ कुर्सि सबैलाई तान्ने
जुन पार्टीले पाए पनि छोड्नै नमान्ने
कहिले आउला जनताको मुहारमा हाँसो
जहाँ सुकै बसे पनि आफ्नै देशको चासो
\
मीना भट्टराई पाण्डे

## गजल

गाउँ घरमा रमाईलो गरेको सम्झना आँउछ
हात समाई ठूलो खोला तरेको सम्झना आउँछ
बिहानै देखि हतार हतार घर धन्दा सकेर
घाँस काटेर ठुलै डोको भरेको सम्झना आउछ
समाजमा बिहे, पुजा वा बर्तवन्धको निम्ता मान्न
लालटिन बाली ओराली झरेको सम्झना आउँछ
आजै जस्तो लाग्छ मेला महोत्सबमा गएको बेला
दोहोरी गाउँदा टक्कर परेको सम्झना आँउछ
यादै यादको संगालो त रहेछ नी यो जिन्दगानी
नाच्नै नजान्दा हो लाजले मरेको सम्झना आँउछ

मीना भट्टराई पाण्डे

## गजल

च्यातिएका ति जीवनका पाना खोज्दै छु
कहिल्यै नपुग्ने मन्का चाहाना खोज्दै छु

छाप्रोमा जन्मिएर साहुको गोठमा हुर्किए
बर्सात हुदा ओत लाग्ने छाना खोज्दै छु

समयएले फड्को मर्यो कि महंगिले डाँडा
माना मुठिले चलाउने जमाना खोज्दै छु

इच्छा आकंक्षाहरु कति थपिन्छन्मनमा
चाहना पुरा गर्ने कारखाना खोज्दै छु

सोचेको सबै कहिल्यै पुग्दैनन् थाहा भो
ति सोचहरु छोट्याउने अचाना खोज्दै छु

भीम राई पर्देशी खोटांग, हलेशी सल्ले ९
हाल:- शिकागो,अमेरीका

अनेसास सिकागो च्याप्टर

## गजल

मृत्युको। मात्र समचार बनेको छ
विहान जस्तै सारा संसार बनेको छ

न उपचार ,न कुनै विकल्प दियो
करोना खै के अवतार बनेको छ


मानवता नै आज म संकटमा देख्दैछु
स्थिती प्रलय जस्तो हाहाकार बनेको छ

पैसा पैसा नै सब थोक भन्नेहरु हो
हेरत सुनसान सारा बजार बनेको छ

विपत्तिमा पनि लुटेरा लुटिरहे छन्
खै देशमा कस्तो सरकार बनेको छ

एल एन आदर्श – सिकाग़ो

## ANMA's first Interaction program- year -2021




ANMA 's current vice President **Ms Urmila Panthi** did coordinate and launched the first ANMA interaction program on the topic of " COVID-19 updates & vaccines" on January 30th , 2021. Program was very informative and was highly successful. In interaction program - Dr. Janak Koirala , Dr. Sangita Basnet Koirala, Dr Chnadra Chataut and Dr Navin Shrestha were panelists who were working currently working COVID patients and it was an hour and thirty minutes long . Program was live from the E-Nepalese news media and from the ANMA Facebook page. Program was very informative as well as useful . During the interaction program, many viewers asked many questions to all the panelists and panelists answered all the questions . This program were covered various topics, such as it was discussed the COVID-19's various epidemiology and risks , signs and symptoms, testing , flu verse seasonal allergy details info , infections , treatment , children related COVID issues and vaccine etc. Since Dr . Janak Koirala has also worked recently COVID-19 related work in Nepal , he also explained how is COVID-19 and vaccine situation in Nepal . Please see details below YouTube link for details. Thank you !

https://youtu.be/rfRAtWpCdMs

# आमाको आगनमा

-बिन्दु तिमिल्सिना
म्याडिसन, विस्कनसिन



आजभोलि,
अनायास टिलपिलाउछ्न मेरा आखाहरु घरिघरि
घरको याद आएर झलझली
उड्दै उड्दै पुग्छ यो मन
सम्झनाको मझेरीमा
सपनाहरुमा पनि पुग्छु सधै त्यतै
अन्तरमनकै घडेरीमा !
धेरै भएछ आफ्नो घर नगएको
आत भिज्ने गरी कुवाको चिसो पानी नपिएको
घित मरुन्जेल पिढीमा नसुस्ताएको
आमासंगसंगै नाङ्ग्लोमा तरकारी नकेलाएको !
रहर अनि बाध्यताले बाधिएर
निकै टाढा आइएछ सात समुन्द्र तरेर
कुमालेको चक्रझैँ चार्नु छ अझै कति भौतारी
आशै आशमा, भेटिन्छकि भनि मुक्तिको चौतारी !
मैले घर छोडेर गएपछि
आमालाई तुलसीको मोठमा साँझ बत्ति बाल्न मन लाग्दैन रे
दशैँ तिहार आएपनि, घर वरिपरि सयपत्री मखमलि फूल रोपन मन लाग्दैन रे
म फर्किने आशमा आमा औंला भाच्दै दिन गन्नु हुन्छ रे
घरमा मिठो चोखो पाक्दा, आफन्त डाक्दा, सधै मलाई सम्झनु हुन्छ रे !
पर्खिबस्नु है आमा मलाई
फुट्न नदिनु है आफ्नो धैर्यताको बाधलाई
म बाटो पहिल्याएर अबस्य फर्किनेछु एकदिन
मनको दोसाध तरेर

अन्योलको आधिभेरी छिचोलेर
अनि अभिभाराको पहाड कुल्चिएर !
समेट्ने छु तिम्रा बिस्वास एकदिन
अनि समेटिनेछु तिमीसंगै जीवन यात्रामा
अबिरल नदि झैँ बग्दै आउनेछु
आफ्नै समुन्द्ररुपी आमाको आगनमा
फर्किनेछु आफ्नै आमाको आगनमा !



**Trekking in Nepal**

**(Source: https://www.tourism.gov.np/)**

## ANMA Details

**Please like our Facebook page.**
https://www.facebook.com/Anma-Usa-103645544468761

**ANMA Webpage**
https://anmausa.org/

**Email:**
contact.anma.usa@gmail.com